नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
(कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा)

सिंहदरबार,
काठमाडौं नेपाल ।

पत्र संख्याः- २.१.१७./०८२/०८३
चलानी नं.:- ८१२

मितिः २०८२/१०/१२
ने.सं. ११४६

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

विषयः सूचना सम्बन्धमा।

प्रस्तुत विषयमा वनस्पति विभागको प.सं. ०८२/८३, च.नं. ४४३, मिति २०८२/१०/७ को पत्रानुसार वनस्पति विभागबाट प्रदान गरिने **"राष्ट्रिय वनस्पति पुरस्कार, २०८२"** का लागि मिति २०८२/१०/७ गते राष्ट्रिय दैनिक गोरखापत्रमा आवेदन माग गर्न सूचना प्रकाशित भएकोले उक्त सूचना पत्र यसैसाथ संलग्न राखी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

बोधार्थः
श्री शैक्षिक प्रविधि तथा विद्युतीय सुशासन शाखा, (वेबसाईटमा अपलोड गरिदिनुहुन)
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।

..............................
(पुष्पा घिमिरे)
शाखा अधिकृत

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

# वनस्पति विभाग

(प्रचार-प्रसार-तथा-डकुमेन्टेशन.....शाखा)

☎ ५३६१९६६
५३६१९६७
५३५११५९
५३५११६१

पत्र संख्याः- ०८२/८३
चलानी नम्बरः- ४४३

इमेलः info@dpr.gov.np
वनस्पति मार्ग, थापाथली
काठमाडौं

श्री प्रशासन महाशाखा

मितिः २०८२/१०/०७

नेपाल संवत् ११४६ सिल्लाथ्व ३, बुधबार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार
मूल दर्ता नं.:- ९६-२९
दर्ता मितिः- २०८२/१०/०९

विषय: <u>सूचना टाँस गरिदिनुहुने सम्बन्धमा।</u>

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

उपरोक्त सम्बन्धमा यस विभागबाट प्रदान गरिने "राष्ट्रिय वनस्पति पुरस्कार, २०८२" का लागि मिति २०८२/१०/०७ गतेको राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रमा आवेदन माग गर्न सूचना प्रकाशित गरिएको हुँदा तहाँ मन्त्रालयको सूचनापाटीमा संलग्न सूचना टाँस गरिदिनुहुन निर्देशानुसार अनुरोध छ।

२०८२/१०/०८
..................
शुक्रराज अधिकारी
वरिष्ठ वैज्ञानिक अधिकृत

श्री क.पु. शाखा,
सूचना पाटीमा सूचना
टाँस गर्ने।
१०/११

१२५ वर्षमा
राष्ट्रको गौरव
# गोरखापत्र
वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत् ।
gorkhapatraonline.com
राष्ट्रिय संस्करण | गण्डकी | प्रदेशभरि शान्तिपूर्ण तरिकाले उम्मेदवारी दर्ता | निर्वाचनमा होमिए डेढ दर्जन व्यवसायी १८
2026 January 21 Wednesday



नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
## वनस्पति विभाग
थापाथली, काठमाडौं

## राष्ट्रिय वनस्पति पुरस्कार, २०८२ सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन भएको मिति : २०८२/१०/०७**

वनस्पतिको संरक्षण, सम्वर्द्धन एवं दिगो उपयोग मार्फत् देशको सामाजिक, आर्थिक, वातावरणीय विकासमा प्रशंसनीय कार्य गर्ने एवं वानस्पतिक विविधताको पहिचान, अध्ययन अनुसन्धान, प्रविधि विकासमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई सम्मान गर्ने एवं अनुसन्धानकर्तालाई वनस्पतिसम्बन्धी अध्ययन अनुसन्धान तथा प्रविधि विकासतर्फ उत्प्रेरित गर्ने उद्देश्यले यस विभागबाट स्थापित रु.२ (दुई) लाख राशीको **"राष्ट्रिय वनस्पति पुरस्कार"** यही वि.सं.२०८२ चैत्र २९ गते बनस्पति दिवसका दिन प्रदान गरिने भएकोले उक्त राष्ट्रिय बनस्पति पुरस्कारका लागि योग्य व्यक्तिको पहिचान गरी पुरस्कृत गर्नको लागि नेपाली नागरिक स्वयं वा प्रतिनिधिमार्फत् निवेदन दिन तथा व्यक्ति वा संस्थाहरुले उपयुक्त व्यक्तिको सिफारिस गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र बनस्पति विभाग, थापाथली, काठमाडौंमा वा ईमेल info@dpr.gov.np मा आइपुग्ने गरी आवेदन आह्वान गरिएको छ । सो आवेदनका लागि यस विभागको आधिकारिक वेबसाईट (www.dpr.gov.np) मा राखिएको आवेदन फारम र वैयक्तिक विवरणको ढाँचा भरी सम्बन्धित व्यक्ति वा संस्थाले पेश गर्न अनुरोध छ ।

**सम्पर्क : प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा**
**फोन नं. : ०१५३६८२४६**

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वनस्पति विभाग